जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
**इमेल** : mgnd2070@gmail.com

बर्षः ११, अंकः २५३ पृष्ठः ४ | २०८१ माघ २२ गते मंगलबार (Tuesday 04 Feb. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सामुदायिक वनको दोहन रोक्न अनुसन्धान सुरु



सिरहा, २१ माघ। सडक निमार्णका लागि आवश्यक कच्चा सामग्री नियम विपरीत चुरे क्षेत्रका सामुदायिक वनबाट उत्खनन गरिरहेको गुनासो बढ्न थालेपछि डिभिजन वन कार्यालयले यससम्बन्धी अनुसन्धान सुरु गरेको छ। गोलबजार नगरपालिका–१० स्थित चुरे चौफाल सातपत्रे सामुदायिक वन क्षेत्रबाट अवैध रुपमा माटो तथा 'ग्राभेल' उत्खनन गरी बिक्री गरेको विषयमा स्थानीयले केही दिनअघि विरोध गरेका थिए। स्थानीय भीमबहादुर थापासहित २६ जनाले प्राकृतिक स्रोत र साधनको अवैध दोहन भइरहेको भन्दै कारबाहीको माग गरी वडा कार्यालयमा निवेदन दिएको थियो। सोही आधारमा वडाले पनि वन कार्यालयसहितका निकायलाई अनुसन्धानका लागि पत्राचार गरेको थियो। डिभिजन वन कार्यालयका प्रमुख शैलेन्द्रकुमार मिश्रले आफूहरुले जानकारी पाउनासाथ अनुसन्धान सुरु गरेको बताए। उनले अनुसन्धान प्रक्रिया अगाडि बढाइसकेकाले यस क्रममा दोषी देखिएका जो कसैलाई पनि कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गरे।

उनले भने, "नियम विपरीत उत्खनन प्रक्रियामा संलग्न जो सुकै पनि कारबाहीको दायरामा आउँछन्, चाहे त्यो वन उपभोक्ता समितिका पदाधिकारी हुन् वा निर्माण व्यवसायीका प्रतिनिधि हुन्, चाहे जनप्रतिनिधि नै किन नहुन् ? हामीले अनुसन्धान सुरु गरिसकेका छौँ, दोषी देखिने सबै कारबाहीको दायरामा आउँछ।" गोलबजार–७ चोहर्वा बजारदेखि वडा नं १० धरमपुरको घुर्मीघाटसम्म बाटो निर्माण गरिरहेका कम्पनीलाई वन फँडानी गरेर माटो तथा ग्राभेल बिक्री गर्दै आएको स्थानीय थापाको भनाइ छ। रातको समयमा वनभित्रै स्काभेटर लगेर सखुवा (साल)को रूख ढाल्दै

**–बाँकी दुई पेजमा**

## स्रोत नखुलेको रकमसहित दुई पक्राउ

**शिव पुरी**

रौतहट, २१ माघ रौतहटको ईशनाथ नगरपालिका–४ महुलियास्थित सीमा नाकाबाट शनिबार सशस्त्र प्रहरीले स्रोत नखुलेको रकमसहित दुई जनालाई पक्राउ गरेको छ। सशस्त्र प्रहरी बल मठियाको टोलीले राजपुर नगरपालिका–४ बस्ने ४० वर्षीय शिवमंगल साह र २३ वर्षीय प्रवेज आलमलाई स्रोत नखुलेको नेपाली १६ लाख ४९ हजार २ सय रुपैयाँसहित पक्राउ गरिएको सशस्त्र प्रहरीका एसपी बिक्रम हुमागाईंले जानकारी दिए। मधेश प्रदेश ०३३प९३०८ नम्बरको मोटरसाइकल चढेर भारतबाट साह र आलम स्रोत नखुलेको रकम लिएर नेपाल आउँदै गर्दा चेकजाँचका क्रममा पक्राउ परेका हुन्। उनीहरुसँग रकम कहाँ लैजान लागेको र रकमधनी को हो भन्नेबारे सोधपुछ भइरहेको एसपी हुमागाईंले बताए।

केही समययता सीमाक्षेत्रमा स्रोत नखुलेको रकमको कारोबार बढेको पाइएको छ। उनीहरू नाका बदलेर भारतबाट स्रोत नखुलेको रकम लिएर ओहोरदोहोर गर्न थालेको सुरक्षाकर्मी बताउँछन्। 'हामीले सम्भावित नाकाहरुमा कडा निगरानी गर्दै आएका छौं,' एसपी हुमागाईंले भने, 'स्रोत नखुलेको रकमको कारोबार गर्नेहरु कहिले मोटरसाइकलमा त कहिले साइकल र कहिले पैदल हिंडेर कारोबार गर्दै आएको पाइएको छ।' सशस्त्र र नेपाल प्रहरीले पछिल्लो ६ महिनाको अवधिमा एक करोड बढी स्रोत नखुलेको रकम बरामद गरिसकेको जनाएका छन्।

## मधेस केन्द्रित ८ दलले भने, सरकारविरूद्ध मोर्चा बनाएको होइन

काठमाडौं, २१ माघ। मधेसकेन्द्रित ८ दलले सरकार विरूद्ध मोर्चा नबनाएको बताएका छन्। समान मुद्दा भएका ८ दलीय मोर्चा बने पनि यो सरकारविरूद्ध खडा नभएको उनीहरूको भनाइ छ। 'समान मुद्दा भएका राजनीतिक दलहरूको मोर्चाको बैठक बसेको हो। यो सरकार विरूद्धको बैठक जस्ता धेरै अभिव्यक्ति आएका छन्, त्यस्तो होइन,' सोमबार सिंहदरबारमा बसेको मोर्चाको बैठकपछि नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले भने। उनले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने विषयमा पनि छलफल भएको बताए। 'मोर्चाको नामका विषयमा पनि

**–बाँकी अन्तिम पेजमा**

## अचम्मको घट्ना : ठगीका नयाँ शैली, लाखौँको ठगी

सप्तरी, २१ माघ। चोरीको नागरिकतामा अर्कै फोटे टाँसेर फर्जी कागजातको आधारमा बैंकमा खाता खोलेर लाखौं रकम ठगी गरेको खुलासा भएको छ। पीडित व्यक्तीहरु न्यायको खोजी गर्दै प्रहरी, अदालत र सञ्चारकर्मी माझ पुग्न थालेपछि यसको खुलासा भएको छ। जिल्लाको राजविराज नगरपालिका– १ का २२ वर्षीय विजय कुमार यादवले २०८० साल वैशाख १४ गते आफनो चोरी भएको नागरिकताको प्रयोग गरी एक अपरिचित व्यक्तीले विराटनगरस्थित सिटिजन बैंकमा खाता खोलेर सोही खाता मार्फत ठगी धन्दा चलाएको बताएका छन्।

आफूलाई थाहै नदिइ खोलिएको खाताबाट ठगी धन्दा र कारोबार भएको थाहा पाएपछि तनावमा परेको उनको भनाइ छ। यसरी ठगी धन्दा चलाउने ब्यक्तीबाट पीडितहरु आफू विरुद्ध प्रहरीमा उजुरी दिएपछि मात्र सो बारे जानकारी पाएको उनले बताए। राजविराजस्थित राजदेवी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत्त यादवले बैंकमा खाता खोल्ने व्यक्तीले नागरिकतामा रहेको आफ्नो फोटो झिकेर अर्कै फोटो टाँसेको, हजुरबुवा, हजुरआमा र टोलको नाम सच्याएको तथा सही छाप समेत किर्ते गरी बैंकमा खाता खोल्न सफल भएको बताएका छन्। फर्जी नागरिकता र कागजातका आधारमा खाता खोल्ने क्रममा खाताधारीको परिचय र सनाखत गर्ने व्यक्ती सोही बैंकका कर्मचारी कविता राजवंशी रहेको पत्ता लागेको उनले बताए। चोरी भएको नागरिकता र किर्ते कागजातको आधारमा सो बैंकमा १७००१०००००८०१० नं.बाट खाता संचालन गरी ती अपरिचित ब्यक्तीले एनसेल कम्पनीको २ वटा सिम समेत झिकेको यादवले बताए।

त्यस्तै सो खातामा विभिन्न आकर्षक योजना र वैदेशिक रोजगारीका नाममा ती अपरिचित व्यक्तीले चितवनकी करुणा सुनवारबाट ९० हजार रुपैयाँ, सुनसरीका मणी कुमार राईबाट २ लाख ८१ हजार रुपैयाँ र आयुष राईबाट २ लाख १५ हजार रुपैयाँ ट्रान्सफरको माध्यमबाट झिकाइ ठगी गरेको बुझिन आएको उनले बताए। यसरी ठगीमा परेका ब्यक्तीहरुले आप् ञ्नो नाममा विराटनगर स्थित सिटिजन बैंकमा रहेको खाता मार्फत रकम ठगी गरिएको भन्दै चितवन, सुनसरी र काठमाडौं प्रहरीमा उजुरी दिएपछी आफुले सो बारे थाहा पाएको यादवको कथन छ।

२०७९ साल कार्तिक २९ गते जिल्ला प्रशासन कार्यालय सप्तरीबाट १६–०१– ७१–०८८९५ नम्बरको नागरिकता प्रमाण पत्र प्राप्त गरेको यादवले नागरिकता चोरी भएको जानकारी सहित २०८० साल कार्तिक २१ गते सो

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।**

**सार्वजनिक निकायले:**
- अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

**सूचना मागकर्ताले:**
- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## राजनीतिक बुद्धिहीनताले बढाएको असन्तोष

भन्न त देशमा 'बलियो स्थिर' सरकार छ तर राजकाज हेर्दा भने लाग्छ राज्य 'भगवान् भरोसे' चलेको छ। एकातिर देशमा जताततै असन्तुष्टि र अराजकता देखापर्दै गएको छ भने अर्कातिर सरकारले त्यसको भेउ नै नपाएको देखिन्छ। प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई प्रतिनिधि सभाको दुई तिहाइ बहुमतको समर्थन छ। जनाधारका दृष्टिमा पनि देशका सबैभन्दा ठूला दुई दल नेपाली कांग्रेस र नेकपा (एमाले) मिलेर संयुक्त सरकार बनाएका छन्। तैपनि सरकार कुनै दृष्टिबाट प्रभावकारी देखिन सकेको छैन। निजी क्षेत्रका मेडिकल कलेजहरूमा कार्यरत आवासीय चिकित्सकहरू सरकारी अस्पतालमा कार्यरत सहपाठी सरह पारिश्रमिक पाउनुपर्ने माग राखेर आन्दोलन सुरु गरेका छन्। यस क्रममा उनीहरूले अस्पतालहरूमा तीन घन्टाका लागि बहिरङ्ग सेवा बहिष्कार गरे।

विद्यालय स्तरका शिक्षकहरू पनि अहिले आन्दोलनरत नै छन्। नेपाल शिक्षक महासंघले सुरु गरेको आन्दोलनका क्रममा आइतबार शिक्षकहरूले सामाजिक सञ्जालमार्फत् संसद्को यसै अधिवेशनबाट 'विद्यालय शिक्षा ऐन जारी गरियोस्' भन्ने अभियान चलाए। शिक्षकहरूका पुराना गुनासा त थिए नै शिक्षकलाई पनि 'सेवामा आधारित पेन्सन'मा समावेश गरिएपछि उनीहरू थप आन्दोलित भएका हुन्। सरकारसँग पहिले सहमति भएअनुसार नै विद्यालय शिक्षा ऐन जारी हुनुपर्ने पनि उनीहरूको प्रमुख मागमध्ये एक हो। शिक्षक र चिकित्सकहरूमात्र होइन कतिपय विषयमा जनसाधारण पनि आन्दोलनमा उत्रेका छन्। स्वर्गद्वारी गुठीका मोहीहरू 'अधिकार खोज्न' राजधानी आइपुगेका छन्। लोकतान्त्रिक शासन व्यवस्थामा शान्तिपूर्ण विरोध प्रदर्शन अनौठो विषय त होइन तर त्यसले सरकारको अदक्षता भने देखाउँछ। यी सबैभन्दा चर्को आन्दोलन पाथीभरा केबलकार योजनाको विरोधमा भएको छ। प्रदर्शनकारीसँग झडप हुँदा प्रहरीले गोली नै चलायो र आन्दोलनकारी तीन जना गम्भीर घाइते भए। पाथीभरा क्षेत्रमा केबलकार बनाउने निजी क्षेत्रको योजनाको स्थानीयहरूले विरोध गर्दैआएका छन्।

सबै विपक्षी दल एक भए भने राष्ट्रिय सभामा अध्यादेश विफल हुन्छ। विपक्षी दलहरू नेकपा (माओवादी केन्द्र)देखि राजावादी राष्ट्रिय प्रजातन्त्र पार्टीसम्म सरकारविरुद्ध एक हुने संकेत देखिन्छ। अर्थात्, सरकारमाथि सडक र सदन दुवैतिरबाट चर्को दबाब परेको छ। प्रधानमन्त्रीलगायत सरकारका मन्त्रीहरूमात्र होइन सत्तारुढ दलका नेताहरूको अभिव्यक्ति सुन्दा भने उनीहरू देशको अवस्थाप्रति 'बेखबर'मात्र होइन 'बेफिक्र' पनि रहेको ध्वनित हुन्छ। केही समय यता उनीहरू 'सरकार ढल्दैन' भन्ने सुगा रटानमा लागेका छन्। सरकार नढले पुग्ने हो ? संसद् अधिवेशन बोलाउने बेलामा अध्यादेश जारी गरेर संसद्मा विरोध चर्काउने निहुँ विपक्षी दलहरूलाई सरकारले नै दिएको हो। आवासीय चिकित्सकहरूमाथि भएको विभेद अन्त्य गर्नुको साटो निजी मेडिकल कलेज सञ्चालकहरूको पक्ष लिएर सरकार नै आन्दोलनमा जान बाध्य पार्‍यो। शिक्षकहरूसँगका सहमतिको उल्लंघन गर्ने पनि सरकार नै हो।

आन्दोलनकारीको मेची राजमार्ग बन्दले जनताले सास्ती पाएका छन् तर सरकारले वार्ताका मन्त्रालयका प्रशासनिक कर्मचारीको नेतृत्वमा समिति गठन गरेको छ। यस्तो गैरजिम्मेवार कार्यशैलीबाट समस्या समाधान हुँदैन। सरकारकै कार्यशैली र सोचले विरोध निम्त्याएको हुनाले त्यसको समाधान पनि राजनीतिक स्तरमा खोज्नुपर्छ। प्रतिनिधि सभामा दुई तिहाइ बहुमत भएको र देशका प्रमुख दुईवटा ठूला दल मिलेर बनेको सरकार यसरी चौतर्फी घेराबन्दीमा परेर निरीह एवं रक्षात्मक देखिनु आश्चर्य तथा चिन्ताको विषय हो। यस्तो 'ढंगमरु' निस्पृहताले देश अराजकता एवं अन्योलको भुमरीमा पर्न सक्छ। राजनीतिक नेतृत्वले संयम, उदारता तथा बुद्धिमत्ता देखाउन सकेमात्र यस्तो संकटबाट पार पाउन सकिन्छ। प्रतिनिधि सभामा बहुमत भएकै भरमा सरकारले दम्भ देखाउनु हुँदैन भने सरकारलाई तमासा हेरेर बस्ने छुट पनि हुँदैन। यसैले राजनीतिक नेतृत्वले अहिले अपनाएको 'सुररबधिर (टोन डेफ)' प्रवृत्ति छाडेर आसन्न सङ्कटको पहिचान र समाधान गर्न ढिलो नगरोस् ! देशले राजनीतिक नेतृत्वको अकर्मण्यता धेरै थेग्न सक्तैन।

### सामुदायिक वनको ..

ग्राभेल उत्खनन गरी टिपरमा ओसार्ने गरिएको उनले बताए। उनले भने, "उत्खननका क्रममा ढलेको सालका रूख पनि टिपरमा 'लोड'गरी स्थानीय काष्ठ उद्योगमा बिक्री हुने गरेको छ।" पछिल्लो समय सिरहामा राष्ट्रिय गौरवका योजनाका नाममा राष्ट्रिय वन, सामुदायिक वन, खोला तथा निजी आवादी जग्गाबाट अवैध रुपमा ग्राभेल उत्खनन गरी सडक निर्माण हुने क्रम बढ्दो मात्रामा रहेको स्थानीयको भनाइ छ।

# बैंकहरुको खराब कर्जा बढे पनि आत्तिनुपर्ने अवस्था छैन

**डा. चिरञ्जीवी नेपाल**

पछिल्लो समय कर्णाली विकास बैंक समस्याग्रस्त देखियो। यस्तै अरू बैंक तथा वित्तीय संस्थाहरु पनि समस्याग्रस्त हुन थाले भनेर विभिन्न सञ्चारमाध्यममा आएका छन्। शुरुमा विभिन्न स्तरका बैंक तथा वित्तीय संस्था खुले। स्तर भन्नाले वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, माईक्रोफाइनान्स लगायतका क्षेत्र विभिन्न समयमा फरक–फरक उद्देश्यका साथ खोलिएका हुन्। नेपालमा वित्तीय पहुँच पुर्‍याउन नसकेको अवस्थामा यी क्षेत्रलाई अनुमति दिएर खोल्न दिइयो। बिस्तारै नागरिकमा वित्तीय पहुँच पुग्दै गएपछि यी संस्थाहरुको आवश्यकता कम हुन थाल्यो। त्यसपछि वित्तीय संस्थाहरुलाई गाभ्दै सुपरिवेक्षण र अनुगमन गर्दै आगाडि बढाइएको हो।

अहिलेको अवस्थामा बैंक तथा वित्तीय संस्था एकदमै बलियो भएका छन्। कोभिडको बेला बैंकहरुले कर्जा बिस्तार गरे। सबै बैंकले जस्तै कर्णाली विकास बैंकले पनि लगानी गर्‍यो, तर बैंक आफैं जिम्मेवार हुनुपर्नेमा व्यवस्थापनमा चुक्यो। केन्द्रीय बैंकले बेलाबेलामा अनुगमन र सुपेरिवेक्षण गरिरहेको हुन्छ। कोभिडको बेलामा केन्द्रीय बैंक पनि सबै ठाउँमा पुग्न सक्ने अवस्था भएन। यति हुँदाहुँदै पनि बैंक बलियो देखिन्छन्। पुँजीको आकारमा वृद्धि, जोखिम लिन सक्ने क्षमता भएकाले पछिल्लो तीन वर्ष आर्थिक क्रियाकलाप राम्रो नभए पनि बैंकहरु सञ्चालन भइरहेका छन्। त्यसकारणले गर्दा आत्तिनुपर्ने स्थिति छैन। कर्जा बिस्तार गर्दा सहज, सजक तरिकाले नगरेको र बैंकमा वित्तीय उत्तरदायित्व बहन गर्न नसक्दा समस्या परेको हो। यसलाई केन्द्रीय बैंकले छिटै सुधार गर्छ।

**केन्द्रीय बैंकको नीति नियम बलियो छ**

केन्द्रीय बैंकको नीति नियमहरु र नियमनमा कमजोरी भएजस्तो लाग्दैन। कोभिडको बेला केन्द्रीय बैंकले जुन ढङ्गले जानुपर्ने हो, त्यो हुन नसकेको केही देखिए पनि केन्द्रीय बैंकले आफ्नो क्षमता अनुसार नियमन र सुपेरिवेक्षण गरेको छ। त्यसैले नेपालमा बलियो र विश्वासिलो क्षेत्र भनेकै बैंकिङ क्षेत्र मात्र हो। केन्द्रीय बैंकले बैंकहरुलाई डुब्न दिँदैन र डुब्ने स्थिति आयो भने उद्धार गर्ने क्षमता पनि छ। अहिले केन्द्रीय बैंकलाई दोष दिन सकिँदैन। जुनसुकै कुरामा पनि विगतबाट पाठ सिक्ने भन्छौं। किनकी म केन्द्रीय बैंकमा जाँदा २० वटा बैंक तथा वित्तीय संस्थाहरु समस्याग्रस्त भएर एउटा विभाग नै गठन भएको थियो। त्यसले गर्दा बैंक तथा वित्तीय संस्थाको २० अर्ब रुपैयाँभन्दा बढी पैसा जोखिममा पर्ने स्थिति थियो। जोखिम लिन सक्ने क्षमता बैंक तथा वित्तीय संस्थासँग कम हुँदा यो स्थिति आएको रहेछ। म गएपछि बैंक तथा वित्तीय संस्थाहरु मर्जर र समीकरण भए जसले गर्दा बैंक तथा वित्तीय संस्थाहरु भनै बलियो हुँदै गए। जसले गर्दा अझै जोखिम बहन गर्न सक्ने क्षमता राम्रो भयो। अहिले सहकारीहरुमा समस्या देखियो। तर बैंकहरुमा त्यो स्थिति आएन। बेलाबेला बैंक तथा वित्तीय क्षेत्रमा समस्या पर्छ। कहिलेकाहीं अन्तर्राष्ट्रिय प्रभावले पनि फरक पारिरहेको हुन्छ, आन्तरिक अवस्था हरेर मात्र हुँदैन। हाम्रो अर्थतन्त्र नेपालमा मात्रै नभएर विश्वमा पुग्ने खालको बनाउन जरुरी छ। यसका लागि पनि अन्तर्राष्ट्रिय दातृ निकाय, अन्तर्राष्ट्रिय संस्थाहरु, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक लगायतका संस्थाहरुले सिकाइरहेका हुन्छन्। यी संस्थाले केन्द्रीय बैंक र केन्द्रीय बैंकले देशभित्रका बैंक तथा वित्तीय संस्थाहरुलाई हेरिरहेको हुन्छ। जसले गर्दा बैंक तथा वित्तीय संस्था मजबुत हुने बाध्यता नै छ। त्यसैले सबैभन्दा सुरक्षित क्षेत्र भनेकै बैंकिङ क्षेत्र हो।

अहिले पाँच लाख रुपैयाँसम्म निक्षेपको बिमा भएकाले पनि पैसा राख्ने व्यक्ति पनि सुरक्षित हुन्छ। सुरक्षित राख्नुपर्ने बैंक, केन्द्रीय बैंक र सरकारको जिम्मेवारी हो। केही समयअघि अमेरिकामा सिग्नेचर बैंक घाटामा जाँदा निवर्तमान राष्ट्रपति जो बाइडेनले नागरिकको पैसा फिर्ता गर्ने भनेर वक्तव्य नै निकाल्नुभयो। नेपालमा अझै यो अवस्था आइसकेको छैन।

**बैंकहरुको नाफा कम हुनु स्वभाविक प्रक्रिया**

पछिल्लो छ महिनाको रिपोर्टले बैंकहरुको नाफा घटेको देखियो। यसमा नौ वटाको घटेको र ११ वटा बैंकको सामान्य घटेको भनेर रिपोर्ट आयो। बैंकहरुमा नाफा घट्नुको कारण समयमा कर्जा नउठेर हो। बैंकहरुले वितरण गरेको कर्जालाई राख्नुपर्छ। कोभिडको बेला उद्दन नसकेको कर्जा र समय बितिसकेको कर्जालाई आफ्नो नाफाबाट कटाउने भएकाले बैंकको नाफा कम देखिएको हो। आर्थिक क्रियाकलाप कम हुँदा नाफा कम भएको हो। अब बिस्तारै आर्थिक क्रियाकलाप बढ्दै जाँदा बैंकको नाफा पनि बढ्दै जान्छ। बैंक तथा वित्तीय संस्थाहरु सरकारको नियन्त्रणमा हुने भएकाले डराउनुपर्ने अवस्था छैन। किनभने शुरुमै केन्द्रीय बैंकले १० प्रतिशत पैसा राखेर बल्ल बैंक खोल्न स्वीकृत दिएको हुन्छ। बैंकहरुले ९० प्रतिशतभन्दा बढी पैसा नागरिकसँग उठाएर सञ्चालन गरेका हुन्छन्। बैंकहरुले केन्द्रीय बैंकले भने अनुसार लगानी गर्नुपर्छ। यदि लगानी भने अनुसार गरेन भने केन्द्रीय बैंकले कारबाही गर्छ। त्यसैले उसको नियमअनुसार बैंक चल्नपर्ने हुँदा केही नाफा कम हुनु स्वभाविक हो।

कोभिड महामारीमा हामीले पुनर्ताजगी भनेर लम्ब्याउँदै लग्यौं। त्यतिबेला साढे ३२ प्रतिशत कर्जा प्रवाह हुनु भनेको अत्यधिक थियो। अहिलेको अवस्थमा कर्जा बिस्तार गरेर अर्थतन्त्रलाई उद्धार गर्नका लागि विचार पुर्‍याउनुपर्छ। कोभिडको बेला विश्वका केही देशले नागरिकको खातामा सिधै पैसा राख्दिएर अर्थतन्त्रलाई चलायमान बनाएको थियो। नेपाल सरकारले त्यो गर्न सकेन अथवा चाहेन। त्यतिबेला केन्द्रीय बैंकले पुनर्ताजगी गराएर, कर्जाको ब्याज, ब्याज तिर्ने समय लम्ब्याउने, न्यून ब्याजदरमा पुनर्कर्जा, सात अर्ब रुपैयाँको पुनर्कर्जा एक सय ५८ अर्बसम्म दियो। सरकारले सहुलियत ब्याजमा केन्द्रीय बैंकलाई दिनुपर्ने पैसा अहिलेसम्म दिएको छैन। यसले पनि बैंक तथा वित्तीय संस्थाहरुलाई गाह्रो बनाएको छ।

कोभिड लगत्तै नेपालको अर्थतन्त्र लयमा आउन लागेको थियो। तर व्यापारी, व्यवसायी र अर्थतन्त्रमा देखिएको राजनीतिज्ञको दाबाबले केन्द्रीय बैंकले दिएको सुविधालाई लब्याइदियो। सहज तरिकाले आएको पैसालाई गलत तरिकामा विभिन्न ठाउँमा मानिसहरुले लगानी गरे। बैंक तथा वित्तीय संस्थाहरुले यसरी लगानी गर्न हुन्थेन। त्यतिबेलै भनिएको थियो, 'अहिलेको कमजोर नीतिले लामो समयसम्म निम्न आय भएका देशहरु र विकाशील देशमा असर पर्न सक्छ।' हाम्रो केन्द्रीय बैंकले विभिन्न तरिकाले सहुलियत दियो। कम ब्याजदरमा बजारमा पठाएको पैसाको नियमन र सुपेरिवेक्षण गर्न सम्बन्धित बैंक र केन्द्रीय बैंक चुक्यो।

**केन्द्रीय बैंकमा बढी राजनीतिक दबाब**

केन्द्रीय बैंकमा राजनीतिक दबाब बढी नै हुन्छ। म राष्ट्र बैंकमा गर्भनर हुँदा पनि समस्या थियो। मैले पाँच वटा प्रधानमन्त्री र अर्थमन्त्रीसँग काम गरें। काम गर्दा दबाब हुन्छ तर आफूले यस्तोमा कसरी काम गर्ने भन्ने हुन्छ। सरकारमा भएका प्रतिनिधिले भने भन्दैमा ऐन नियमले नमिल्ने कुरा गर्नु हुँदैन। पदमा हुँदा असहज परिस्थितिमा लिएको नीतिलाई सहज परिस्थितिमा बदल्न सक्नुपर्छ। अर्थतन्त्रको असहज स्थितिमा केन्द्रीय बैंकले सहज गराउन खोजेको थियो। तर केन्द्रीय बैंकलाई अप्ठ्यारो हुनुको कारण नै सरकारको नेतृत्वबाट हुने दबाब हो। उद्योगी व्यवसायीले ब्याजदर कम गरिदिन माग गर्दै सधैं गुनासो गरिहन्छन्। अहिले पनि ब्याजदर कम गर्न उद्योगी व्यवसायीले भनिरहेका छन्। सरकार उदार हुन सक्छ तर केन्द्रीय बैंक त्यति धेरै उदार हुन मिल्दैन। सरकारले नागरिकले भनेअनुसार काम गर्न सक्छ। त्यसै अनुरुप बजेट पनि खर्च गर्न सक्छ। तर केन्द्रीय बैंकले बजारमा भएको पैसाको व्यवस्थापन गर्ने हो। त्यसैले केन्द्रीय बैंक उदार हुने बित्तिकै अर्थतन्त्र डुब्छ र विश्वका कुनै पनि देशका गभर्नर चाहे पनि धेरै उदार हुन सक्दैनन्। गभर्नरले आर्थिक क्रियाकलापलाई र वित्तीय स्थायित्वलाई ध्यानमा राखेर मुद्रास्फिती कम गरेर देशको अर्थतन्त्र अगाडि बढाउनुपर्ने हुन्छ।

**खराब कर्जा देखियो**

अहिले खराब कर्जाको चिन्ता देखिएको छ। केन्द्रीय बैंकले दिने चालू कर्जा १९ सय अर्बभन्दा बढी गएको छ। पछिल्लो समय केन्द्रीय बैंकले गरेको अनुसन्धानका अनुसार चालू पूँजी लगायतका कर्जाहरुमध्ये अधिकांश कर्जा गलत ठाउँमा लगानी भएको देखाएको छ। व्यवसायीले जुन उद्देश्यले कर्जा लिएका थिए, अर्कै उद्देश्यमा लगानी गरेको देखियो। बैंक तथा वित्तीय संस्थाहरुले सकेसम्म पैसा राखिरहन खोज्दैनन्। नागरिकले जम्मा गरेको पैसाको ब्याज तिनुपर्ने भएकाले लगानीकर्ता खोजिरहेका हुन्छन्। कर्जा लिने मानिसले गलत तरिकाले उपयोग गर्‍यो। बैंक तथा वित्तीय संस्थाहरुले पनि राम्रोसँग हेरेनन् र केन्द्रीय बैंकको पनि अनुगमन र सुपेरिवेक्षण सुस्त भयो। यसमा लिने र दिने दुवैको दोष देखिन्छ।

औसतमा हेर्दा खराब कर्जा साढे चार प्रतिशतको हाराहारीमा देखिन्छ। तर नेपाल दक्षिण एशियामा सबैभन्दा कम खराब कर्जा हुने देश हो। साथै बैंक तथा वित्तीय संस्था सबैभन्दा बलियो पनि नेपालमै छ। उनीहरुसँग जोखिम लिन सक्ने क्षमता पनि छ। अहिलेसम्म आत्तिहाल्नुपर्ने अवस्था छैन। भविष्यमा आर्थिक क्रियाकलाप राम्रोसँग हुन सकेन भने खराब कर्जा बढ्न सक्छ। खराब कर्जा बढ्नु भनेको लगानी गरेको पैसा नउठ्नु हो। त्यसकारण सरकार र केन्द्रीय बैंक दुवैलाई आर्थिक क्रियाकलाप बढाउनुपर्ने ठूलो चुनौती छ।

**बैंक तथा वित्तीय संस्थाको ऋण नतिर्नू गलत**

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको ऋण नतिरौं भनेर अन्दोलन आयो। भित्रभित्रै त्यस्ता समूह पनि लागे। यो गलत तरिका हो। बैंक तथा वित्तीय संस्थाको पैसा नर्तिनू भनको नागरिकको पैसा तिर्दिनँ भन्नु हो। बैंक तथा वित्तीय संस्थासँग लिएको पैसा सरकारको पैसा त होइन। बैंकले एक व्यक्तिसँग पैसा लिएर अर्कोलाई लगानी गर्ने हो। यसरी बैंक डुब्नु भनेको देश डुब्नु बराबर हो। विश्वमा कुनै पनि देश छैन जहाँ पैसा लिएर तिर्न नपरोस्। बैंकबाट पैसा लिने जो कोहीले एक/दुई वर्ष तिर्न नपरे पनि एउटा समय आएपछि जसरी पनि तिर्नुपर्छ। सहकारीको नियमन राम्रो नहुँदा अहिले अर्थतन्त्रलाई अप्ठ्यारो पार्‍यो। तर केन्द्रीय बैंकको लगातारको अनुगमन र नियमन हुने भएकाले बैंक तथा वित्तीय संस्थालाई खासै असर पर्दैन। त्यसैले बैंक तथा वित्तीय संस्थालाई केन्द्रीय बैंकले मात्र वित्तीय स्थायित्व दिन सक्ने भएकाले सरकारले केन्द्रीय बैंकलाई सुरक्षित र संरक्षित गरेर राख्नुपर्छ। बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण नतिर्ने समूह कमजोर हुँदै जान्छ। राजनीतिक दलका नेताहरुले बैंक तथा वित्तीय संस्थाबारे मनलाग्दी बोल्दै हिँड्दा पनि समस्या आएका हुन्। विश्वका सबै देशको केन्द्रीय बैंक बलियो हुन्छ। यदि केन्द्रीय बैंक कमजोर भयो भने नेपालको अर्थतन्त्र ध्वस्त हुन्छ। *(नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा. चिरञ्जीवी नेपालसँगको कुराकानीमा आधारित)*

# अक्षरारम्भ र बाल मनोविज्ञान : सिकाइको पहिलो पाइला कसरी सकारात्मक बनाउने ?




बुटवलकी रुपा तीन वर्षकी छोरी नेहालाई अक्षर लेखाउन सरस्वती मन्दिर लैजाँदैछिन्। उनी भन्छिन्, 'बिहान मन्दिरमा लगेर अक्षर लेखाउँछु अनि दिउँसो आएर विद्यालयमा भर्ना गराउँछु।' सरस्वती पूजाकै दिन विद्याकी देवी सरस्वतीको पूजा गरेर पढाइ सुरु गरे ज्ञान र पढाइ राम्रो हुने उनको विश्वास छ।

अब कुरा गरौँ अक्षरारम्भको। बालबालिकाको जीवनको पहिलो अक्षर लेख्ने दिन, जसलाई हामी अक्षरारम्भको रूपमा चिन्छौँ, यो केबल एक परम्परा होइन, यो उनीहरूको शिक्षाको आधारशिला हो। यो दिनले बालबालिकाको मनमा सिकाइप्रतिको पहिलो छाप छोड्छ, जुन सकारात्मक र प्रेरणादायक हुन अत्यन्तै आवश्यक छ। तर, के हामीले कहिल्यै सोचेका छौँ–यो परम्पराले उनीहरूको मानसिक र भावनात्मक स्वास्थ्यमा कस्तो प्रभाव पार्छ? के हामीले बालबालिकालाई सिकाइको उत्सव मनाउन प्रेरित गरिरहेका छौँ वा उनीहरूलाई अनावश्यक दबाबको अनुभव गराइरहेका छौँ? अभिभावकको सचेतताले मात्र यो दिनलाई साँच्चै अर्थपूर्ण बनाउन सक्छ। आउनुहोस्, अक्षरारम्भको मनोवैज्ञानिक पाटो र यसले गर्दा बालबालिकामा पर्ने प्रभावका बारेमा बुझौँ।

**१. एरिक्सनको मनो–सामाजिक विकास सिद्धान्त**

**मुख्य धारणा :** एरिक्सनको मनो–सामाजिक विकास सिद्धान्त अनुसार प्रारम्भिक बाल्यावस्थामा बालबालिकाले नयाँ सीपहरू अन्वेषण गर्न खोज्छन्। सकारात्मक सुदृढीकरणले उनीहरुमा आत्मविश्वास र पहल गर्ने भावलाई प्रोत्साहन गर्दछ, भने आलोचनाले लज्जा वा अपराधबोध उत्पन्न गराउँछ।

**अक्षरारम्भसँग सम्बन्ध :** समारोहले बालबालिकालाई समर्थनयुक्त वातावरणमा सिकाइ सुरु गर्न प्रोत्साहित गर्छ। सकारात्मक प्रतिक्रिया दिनाले आत्मविश्वास र पहललाई बढावा दिन्छ।

**२. बान्डुराको सामाजिक सिकाइ सिद्धान्त**

**मुख्य धारणा :** बालबालिकाले व्यवहार, दृष्टिकोण, र सीपहरू वयस्कहरूलाई अवलोकन र अनुकरण गरेर सिक्छन्।

**अक्षरारम्भसँग सम्बन्ध :** बालबालिकाले अक्षरारम्भमा वयस्क र सहकर्मीहरूलाई अनुष्ठान र सिकाइ गतिविधिमा सहभागी भएको देख्छन् र सोही अनुसार तिनीहरूलाई अनुकरण गर्न खोज्छन र भाग लिन प्रेरित हुन्छन। उत्साही र समर्थन गर्ने व्यक्तिहरूको उपस्थितिले शिक्षाप्रति सकारात्मक दृष्टिकोण विकास गर्न सहयोग पुऱ्याउँछ।

**३.पियाजेको संज्ञानात्मक विकास सिद्धान्त**

**मुख्य धारणा :** यस चरणमा, बालबालिकाले प्रतीकात्मक सोच विकास गर्छन् र खेल र अनुकरणबाट संसार बुझ्न सुरु गर्छन्।

**अक्षरारम्भसँग सम्बन्ध :** समारोहमा प्रयोग गरिएका प्रतीकहरू (अक्षरहरू) बालबालिकाको संज्ञानात्मक विकाससँग मेल खान्छ। समारोहको रमाइलो र अन्तरक्रियात्मक प्रकृतिले सिकाइलाई रोचक र अर्थपूर्ण बनाउँछ। यी सिद्धान्तहरूले बालबालिकाको संज्ञानात्मक र भावनात्मक विकासका लागि सहयोगी र सामाजिक रूपमा समृद्ध वातावरणको महत्वलाई स्पष्ट रूपमा देखाउँछन्। अक्षरारम्भ समारोहले बालबालिकाको मानसिक र भावनात्मक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न आवश्यक छ। यसका लागि हामी अभिभावक, शिक्षक वा विद्यालय सञ्चालकहरूले गर्नैपर्ने सात र गर्नै नहुने सात कुराहरूको मार्गदर्शन तल दिइएको छः

**गर्नैपर्ने सात कुराहरू**

**१. सकारात्मक वातावरण सिर्जना गर्नुहोस्**

वातावरणलाई सहयोगी, रमाइलो र दबाबमुक्त बनाउनुहोस्। सिकाइको पहिलो अनुभव सकारात्मक हुनुले बालबालिकाको शिक्षाप्रतिको दृष्टिकोणलाई प्रभाव पार्छ।

**२. प्रोत्साहनमा ध्यान दिनुहोस्**

नतिजा भन्दा प्रयासको प्रशंसा गर्नुहोस्। साना सफलताहरूमा पनि आफू समावेस भएर आत्मविश्वास र उपलब्धिको भावना विकास गर्नुहोस्।

**३. धैर्य र कोमलता अपनाउनुहोस्**

बालबालिकालाई आफ्नै गतिमा सिक्न दिनुहोस्। हतार गर्ने वा कडारूपमा सच्याउने प्रयास नगर्नुहोस्, यसले चिन्ता र अत्यास उत्पन्न गर्नसक्छ।

**४. अक्षरारम्भ समारोह छोटे र बालमैत्री राख्नुहोस्**

समारोहको सांस्कृतिक र शैक्षिक महत्त्वलाई बालमैत्री भाषामा सरल तरिकाले व्याख्या गर्नुहोस्, जसले बालबालिकालाई संलग्न र महत्वपूर्ण महसुस गराउँछ। बालबालिकाको ध्यानाकर्षण कायम राख्न कार्यक्रमलाई छोटे र आकर्षक बनाउनुहोस्। थकान वा दिक्क हुन नदिनुहोस्।

**५.खेलप्रवृत्तिको समावेश गर्नुहोस्**

रङ्गीन चक, बोर्ड वा बालुवाजस्ता सिर्जनात्मक उपकरणहरू प्रयोग गरी सिकाइ रमाइलो बनाउनुहोस्। यसले औपचारिक सिकाइको डर कम गर्न सक्छ र सिकाई मनोरञ्जनात्मक बनाउछ।

**६. बालबालिकालाई अर्थपूर्ण रूपमा संलग्न गराउनुहोस्**

समारोहको अनुष्ठान र गतिविधिहरूमा बालबालिकालाई सहभागी गराउनुहोस्, जसले सिकाइप्रतिको उत्साह बढाउँछ, यसले उनीहरुलाई सिकाइ प्रतिको स्वामित्व विकास गर्दछ।

**७. सकारात्मक व्यवहारको नमुना प्रस्तुत गर्नुहोस्**

सिकाइप्रति उत्साह र सम्मान देखाउनुहोस्। बालबालिकाले प्रायः वयस्कहरूको व्यवहार र दृष्टिकोणलाई अनुकरण गर्छन्।

**गर्नै नहुने सात कुराहरू**

**१. पूर्णतामा जोड नदिनुहोस्**

समारोहमा बालबालिकासँग पूर्ण लेखन वा बुझाइको अपेक्षा नगर्नुहोस्। अनुभवलाई महत्व दिनुहोस्, नतिजालाई होइन।

**२. तुलना नगर्नुहोस्**

बालबालिकाको प्रदर्शनलाई अरूसँग तुलना नगर्नुहोस्। यसले आत्मसम्मानमा कमी वा अपर्याप्तताको भावना उत्पन्न गर्न सक्छ।

**३. धैरै जटिलता सिर्जना नगर्नुहोस्**

धैरै व्यक्तिहरूलाई सहभागी गराउने वा जटिल अनुष्ठान राख्ने प्रयास नगर्नुहोस्, जसले बालबालिकालाई भ्रमित वा अति उत्तेजित बनाउन सक्छ।

**४. दबाब नदिनुहोस्**

बालबालिकालाई आफ्नो विकासात्मक क्षमताभन्दा पर प्रदर्शन गर्न दबाब नदिनुहोस्। यसले सिकाइसँग डरको भावना सिर्जना गर्न सक्छ।

**५. नकारात्मक प्रतिक्रिया दिनुहुन्न**

समारोहको क्रममा गल्तीको आलोचना वा औंल्याउन नदिनुहोस्। यसले सिकाइप्रति नकारात्मक छाप छोड्न सक्छ।

**६. डरलाई प्रेरकका रूपमा प्रयोग नगर्नुहोस्**

धम्की वा डर आधारित अभिव्यक्ति (जस्तैः–ःयो राम्रोसँग नगरेमा स्कूलमा असफल हुनेछौ) प्रयोग नगर्नुहोस्।

**७.भावनात्मक संकेतहरूलाई बेवास्ता नगर्नुहोस्**

असहजता, चिन्ता, वा दिक्कताको संकेतहरूलाई ध्यान दिनुहोस् र माया र बुझाइका साथ सम्बोधन गर्नुहोस्।

**निष्कर्ष**

बालबालिकाको मनोवैज्ञानिक र भावनात्मक आवश्यकतालाई ध्यानमा राख्दै अक्षरारम्भ समारोहलाई सकारात्मक, रमाइलो, र दबाबमुक्त बनाउनुपर्छ। यसले उनीहरूको सिकाइप्रतिको दृष्टिकोणलाई दीर्घकालीन रूपमा प्रभाव पार्छ। अक्षरारम्भको दिन भनेको बालबालिकाको सिकाइप्रतिको दृष्टिकोणको थालनी हो। यो यात्रा हामी सबै मिलेर सकारात्मक र प्रेरणादायक बनाऔं।

# मोबाइल पसल फोडेर ३ करोडभन्दा बढीको चोरी

**किशोर बुढाथोकी**

विराटनगर, २१ मोरङको उर्लाबारीमा सोमबार बिहानका राति पसल फोडेर ३ करोडभन्दा बढीको मोबाइल चोरी गरिएको छ। प्रहरीका अनुसार सटर फोडेर चोरीमा संलग्नले पसल नै रित्त्याइदिएको पाइयो। पसलमा महँगो मूल्य पर्ने मोबाइलहरू थिए। मोरङ प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीले उर्लाबारी नगरपालिका–७ का योगराज कार्कीले उर्लाबारी–५ मा सञ्चालन गरेको मोबाइल वर्ल्ड नामक पसलमा चोरी भएको जानकारी दिए। पसल खोल्न जाँदा सटर फोडेर चोरी गरेको देखेपछि कार्कीले नै प्रहरीलाई सोमबार बिहान ९ बजेतिर घटनाको जानकारी गराएका हुन्।

मोबाइल पसल पूर्व–पश्चिम राजमार्गसँगै जोडिएको थियो। चोरीमा संलग्नको पहिचान हुन नसकेको उनको भनाइ छ। 'चोरीको प्रकृति हेर्दा ठूलै गिरोह संलग्न रहेको अनुमान छ। पसलमा महँगा मोबाइलहरू रहेछन्। सबै मोबाइल चोरी भएका छन्। सटरको ताला फुटाएर चोरी गरिएको छ। चोरीमा संलग्नको पहिचान भइसकेको छैन। विभिन्न कोणबाट अनुसन्धान अघि बढाएर घटनामा संलग्नको खोजी तीव्र पारिएको छ,' जोशीले भने। पसल सञ्चालकले ३ करोड मूल्य बढीको मोबाइलहरू पसलबाट चोरी भएको जानकारी प्रहरीलाई दिएका छन्। उर्लाबारी–७ घर भएका कार्कीका अनुसार आईफोन, रेडमी, ओपोलगायत विभिन्न ब्राण्डका ४ सय ५० भन्दा बढी मोबाइलहरू पसलमा राखिएको थियो।

पसलमा रहेका मोबाइलको संख्या यकिन नभएको उनले बताए। 'पसलमा कतिवटा मोबाइल थिए भनेर काम गर्नेहरूलाई थाहा छ। मलाई त्यो थाहा हुन सकेन। तर, ४ सय ५० वटाभन्दा धेरै नै थिए। ३ करोडभन्दा बढी मूल्य बराबरको चोरी भएको छ। पसलमा राखिएको नगद पनि चोरी भयो,' कार्की भन्छन्। यद्यपि, चोरी भएका मोबाइलको संख्या र मूल्य प्रहरीले यकिन गर्न सकिरहेको छैन। डीएसपी जोशीका अनुसार एउटै मोबाइल २ लाख मूल्यसम्मका रहेको पाइएको छ। 'जम्मा ३ करोड मूल्य माथिका ४ सय ५० वटाभन्दा बढी मोबाइल थिए भनेर पसल सञ्चालकले प्रहरीलाई जानकारी दिनु भएको छ,' उनी भन्छन्, 'प्रहरीबाट संख्या र मूल्य यकिन गर्ने काम भइरहेको छ।'

मोबाइलको संख्या र मूल्य यकिन नभए पनि ठूलो मूल्य बराबरको चोरी भएको पाइएको डीएसपी जोशीले बताए। उनका अनुसार पसलमा सीसी क्यामेरा पनि थियो। तर, क्यामेराको फुटेजबाट चोरको पहिचान गर्न प्रहरीलाई गाह्रो परिरहेको छ। चोरीमा संलग्नको खोजी एवं पहिचानका लागि इलाका प्रहरी कार्यालय पथरीबाट डीएसपी मोहनविक्रम दाहाल र इलाका प्रहरी कार्यालय उर्लाबारीबाट सइ चूडामणि पौडेलको नेतृत्वमा संयुक्त टोली परिचालित छ। चोरीमा संलग्न गिरोहको खोजीमा प्रहरीको विशेष टोलीसमेत परिचालित रहेको जानकारी जोशीले दिए।

# सरकारले उच्च प्राथमिकता दिएर निजगढ विमानस्थल बनाउनुपर्छ : मन्त्री पाण्डे

काठमाडौँ, २१ माघ। संस्कृति, पर्यटन तथा नागरिक उ यनमन्त्री बद्रिप्रसाद पाण्डेले निजगढ विमानस्थललाई सरकारले उच्च प्राथमिकता दिएर बनाउनुपर्ने बताएको छ। सोमबार सरोकार दर्पणको लोकर्पण समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएको हो। निजगढ विमानस्थल ठुलो महत्त्वको विमानस्थल रहेको भन्दै निजगढ विमानस्थल बनाउनसके संसारलाई देखाउन मिल्ने खालको हुने बताए। उनले निजगढ विमानस्थल बनाउन विभिन्न बाधाहरू रहेको भन्दै मास्टरप्लान अनुसार विमानस्थल बनाउनुपर्ने बताउनु भयो। उहाँले निजगढ विमानस्थल नबनि फास्टट्र्याको पूर्णता नहुने उल्लेख गरे। महत्वाकांक्षाको चाङ नेपालको नेतृत्व कर्ताहरूसँग रहेको भए पनि पूरा गर्न कठिनाइ रहेको बताए। उनले मध्य पहाडी राजमार्गमा १० वटा स्मार्ट सिटी बनाउने भनेर अघि बढाएको परिकल्पना अहिलेसम्म ५४ वटा पुगेको तर सम्पन्न गर्न कठिन रहेको बताए।

उनले भने, 'हामीले धेरै कुरा भन्दा रहेछौँ, गर्न नसक्दा रहेछौँ। हामी महत्वाकांक्षाको चाङ काँधमा राख्दा रहेछौँ। तर समाधानको बाटो, प्रतिफलको अन्तिम स्वरूप दिन सक्दा रहेनछौँ। मध्य पहाडी राजमार्गमा कुनै बेला १० वटा स्मार्ट सिटीको परिकल्पना गरियो। अहिले ५४ वटा पुगेछन्। विभिन्न राजमार्गमा। अहिले ५४ वटा स्मार्ट सिटी सम्पन्न गर्न त निकै कठिन छ नै। १० वटा सम्पन्न गर्न पनि गाह्रो भइसक्यो।' उनले निजगढ एयरपोर्ट निकै ठुलो महत्वको एयरपोर्ट भएको पनि बताए। उनले भने, 'निजगढ एयरपोर्ट साँच्चै नै मास्टरप्लान अनुसार बन्ने हो भने दुनियाँमा देखाउन मिल्ने खालको एयरपोर्ट बन्छ। नेपालका लागि मात्र होइन। त्यसमा विभिन्न बाधाहरू छन्। सरकारले त्यसलाई उच्च महत्व दिइरहनुपर्छ र दिइरहेको छ। किनभने यो फास्ट ट्र्याक बनेकै त्यो पूरा गर्नका लागि हो। ५/६ खर्ब बजेटमै फास्ट ट्र्याक कम्प्लिट हुँदैछ। फास्ट ट्र्याक बनाएकै १ घण्टाभित्र काठमाडौं आउनसक्ने भन्नका लागि हो। सरकारले यसलाई उच्च प्राथमिकताका साथ सम्पन्न गर्नुपर्छ। वन क्षेत्रका कारणले बाधा छ की, अदालतका कारणले बाधा छ। कतिपय ठाउँमा अख्तियारका चिट्ठीका कारणले बाधा छ की ? यो अवस्थालाई चिर्नुपर्छ।" मन्त्री पाण्डेले विकास र पुरातत्व, वन क्षेत्र जोगाउने कुराको सन्तुलन मिलाउनुपर्ने बताए।

## अचम्मको घट्ना ...

कार्यालयबाट नागरिकताको प्रतिलिपी लिएका थिए। त्यसपछि उनले राजविराज स्थित प्रभु बैंकमा खाता खोलेका थिए। उक्त खातामा रहेको ३५ हजार रुपैया या झिक्न जाँदा बैंकका कर्मचारीले उक्त खाता प्रहरीले हाल रोक्का गराएको जानकारी दिएपछी उनी चकित परेका थिए। प्रभु बैंकका कर्मचारीले काठमाण्डु प्रहरीको आदेशमा हाल सो खाता ब्लक ( रोक्का) गरिएको जनाएको छ। ठगी प्रकरणको छानवीनका लागि हाल यादवको खाता भद्रकाली अनुसन्धान प्रहरी कार्यालय काठमाडौको च.न.६८१२ को पत्रानुसार रोकिएको हो, एक कर्मचारीले भने।

यादवलाई थाहै नदिइ विराटनगर स्थित सिटीजन बैंकमा उनकै नाममा फर्जी कागजातको आधारमा खाता खोलिनु र खाताधारीको पहिचान, परिचय र सनाखतमा बैक कै कर्मचारी वस्नुले ती कर्मचारीलाई पनि शंकाको घेरामा ल्याउनुका साथै बैकिङ प्रणाली पनि फितलो भएकै देखिएको कानुन व्यवसायी विजय झाको भनाइ छ। यादवले भने डेढ महिना पछि हुने एसइइ परिक्षाको तयारीमा लागेका वखत नखाएको विष लाग्दा आफु तनावमा परेको भन्दै उक्त प्रकरणको छानवीन गरी दोषीमाथि कडा कारवाही हुनु पर्ने माग गरेका छन्। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले उक्त समग्र प्रकरणको अनुसन्धान अहिले भक्तपुर जिल्ला प्रहरी कार्यालयले गरिरहेको बताए।

# धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

## गाडी भाडा लिने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८१।१०।२१ गते**

धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको मिति २०८१।१०।०४ गतेको बैठकको निर्णयानुसार यस पालिकाको नगर उपप्रमुखको निम्न प्रयोजनको लागि एउटा चार पाङ्ग्रे स्कारपियो गाडी आवश्यक भएकोले उल्लेखित मापदण्ड र शर्तको अधिनमा रहि इच्छुक सवारी साधन धनीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आफुले दिन चाहेको मासिक भाडा दर सहितको शिलबन्दी दरभाउ पत्र तपसिल बमोजिमको ढाँचामा यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**निम्न प्रयोजनः**

क) दैनिक कार्यालयमा आउन जान,
ख) योजना अनुगमनको कार्य गर्न,
ग) न्यायिक समिति सम्बन्धी कामको सिलसिलामा फिल्ड निरिक्षण गर्न,
घ) अन्य जिल्ला, प्रदेश तथा संघीय कार्यालयबाट विधिवत कार्यक्रममा उपस्थितिको लागि पत्रचार भएका कार्यक्रममा पालिकाको प्रतिनिधित्व गर्न,
ङ) पालिकाको निर्माण कार्य, खेलकुद कार्यक्रम तथा अन्य पालिकाकै आयोजनामा गरिएका कार्यक्रमहरुमा उपस्थिति जनाउन,
च) यस पालिकामा अन्य कुनै निकायले कार्यक्रम आयोजना गरी पालिकालाई समेत आमन्त्रण गरीएका कार्यक्रममा पालिकाको तर्फबाट सहभागिता जनाउन ।

**तपसिलः**

| सि. नं. | सवारीधनीको नाम र सम्पर्क नं. | सवारीको किसिम सुमो/बोलेरो/स्कारपिओ/अन्य | सवारी नं. | चालकको नाम र सम्पर्क नं. | चालकको लाईसेन्स नं. | प्रतिलिटर कति किलोमिटर गुड्ने हो खुलाउने (माइलेज) | करसहितको मासिक रकम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | अङ्क | अक्षर |
| | | | | | | | | |

**सवारी साधनमा हुनुपर्ने मापदण्डहरुः**

१. Four Wheeler,
२. कम्तिमा ५ सिट यात्रु क्षमता भएको,
३. धनगढीमाई नगरपालिकाको सबै वडाका बाटोहरुमा सञ्चालन हुन सक्ने ।

**पेश गर्नुपर्ने कागजातहरुः**

१. कर सहितको मासिक भाडादरको शिलबन्दी दरभाउपत्र,
२. नवीकरण भएको ब्लुबुकको प्रतिलिपि,
३. सवारी चालक अनुमति पत्रको प्रतिलिपि,
४. बिमालेख पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि ।

**शर्तहरुः**

१. सवारी साधन चालकको पारिश्रमिक तथा अन्य सुविधा र सवारी साधनको नियमित मर्मत सम्भार, सर्भिसिङ्ग, नियमानुसार सवारी कर एवम् वहाल कर लगायतका खर्च स्वयं सवारी धनीले व्यहोर्नु पर्नेछ,
२. गाडी प्रयोग हुँदाको इन्धन कार्यालयले व्यहोर्नेछ,
३. चालकको व्यवस्था स्वम् गाडी धनिले गर्नुपर्नेछ,
४. अन्य शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**पुनश्चः** कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका दरभाउहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# शिक्षकलाई देशभर खटाउन आवश्यकः शिक्षामन्त्री

काठमाडौं, २१ माघ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षकलाई देशभर खटाउन सकिने व्यवस्थासहितको विद्यालय शिक्षा विधेयक आवश्यक रहेको बताएका छन् । प्रेस चौतारी नेपाल, नुवाकोटले सोमबार यहाँ आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै मन्त्री भट्टराईले प्रक्रियामा अघि बढेर लामो समयदेखि छलफलमा रहेको विधेयकमा देखिएका समस्याअन्तर्गत शिक्षक परिचालन र व्यवस्थापन तीन तहकै सरकारको जिम्मेवारीमा पर्ने भएकाले देशभर खटाउन सकिने उल्लेख गरिन् । "शिक्षक आफै कहाँ रहने भन्ने विषय अहिले अन्योल भएकाले सेवा प्रवाहका लागि देशभरका विद्यालयमा जान तयार हुनुपर्छ", उनले भनिन्, "पालिकाबाट अनुगमन तथा परिचालन हुन्छ । प्रदेश सरकारले भर्ना, पदपूर्ति, पदस्थापना, तालिम, बढुवा गर्छ परिचालन तथा व्यवस्थापन, आवश्यक नीतिसहितको बाँकी जिम्मेवारी संघीय सरकारबाट गराउन खोजिएको छ ।"

दफाबारे छलफल भई गठन र राजनीतिक दलहरुबाट समान धारणा आएमा उत्पन्न समस्या समाधान गर्न सकिने उनको भनाइ थियो । विधेयकमा देखिएका समस्यामध्ये संस्थागत विद्यालयको व्यवस्थापन पक्ष अझै थप पेचिलो बन्दै गइरहेको मन्त्री भट्टराईले बताइन् । "शिक्षामा निजी क्षेत्रको लगानी व्यावसायिक नभई कल्याणकारी हुनुपर्छ । छात्रवृत्ति लगायतका सेवा अनिवार्य कार्यान्वयन गर्नुपर्छ", उनले भनिन्, "पाँच सयसम्म विद्यार्थी भएका विद्यालयमा दश प्रतिशत, आठ सयसम्म विद्यार्थी भएको विद्यालयमा १२ प्रतिशत र एक हजारभन्दा माथि विद्यार्थी भएका विद्यालयले १५ प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनुपर्छ । १० प्रतिशतलाई कार्यान्वयनमा ल्याए पनि बाँकीलाई समेट्न सकिएको छैन। विधेयक र त्यसपछि बन्ने ऐनमा यसलाई जोड दिइन्छ ।"

सरकारले अनिवार्यसहित निःशुल्क शिक्षा कार्यान्वयन गर्न आवश्यक कोष निर्माण गर्नेसहितका नवीनतम विषय अब आउने विधेयक र ऐनमा समावेश गर्ने उनले जानकारी दिइन् । मन्त्री भट्टराइले त्यसलाई शिक्षा कोषको रुपमा विकास गर्ने, स्थानीय तहले सञ्चालन गर्ने, संघ र प्रदेशले लगानी गरेर जाने अवस्था बनाउन सक्यो भने शिक्षामा तीन तहले साझा दायित्व र जिम्मेवारी बोध गर्ने सुनाइन् । विद्यालय शिक्षा विधेयक संसद्मा पेस भएर त्यसमाथि दफाबार छलफल जारी छ । संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले विधेयकमाथि सरोकारवालासँगको राय पश्चात् उपसमिति बनाएर थप प्रक्रिया अघि बढाउन लागेको जनाइएको छ ।

# सःमिलबाट अवैध काठ बरामद

**विजयकुमार साह**

ढल्केबर, २१ माघ । धनुषाधाम नगरपालिका -१ मा रहेको एक सःमिल मिलबाट ठुलो मात्रामा अवैध सालको काठ बरामद गरिएको छ । डिभिजन वन कार्यालय धनुषाका कर्मचारीले चिरान मिलमा छापा मारेर काठ बरामद गरेका हुन् । डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले प्रमोद ठाकुरको स्वामित्वमा रहेको सःमिलबाट मिलबाट १३९ क्युफिट साल प्रजातिको काठ र एक थान काठ काट्ने कटर मेसिन बरामद गरिएको बताउनुभयो । अवैध रूपमा लुकाएर राखिएको काठको सूचना पाएपछि वन कार्यालयले स्थानीय प्रहरीसँग समन्वय गरी छापा मारेको उहाँले जानकारी दिनुभयो । बरामद काठ र मेसिन वन कार्यालयको नियन्त्रणमा छ । यसैगरी, पुष्पवलपुर सबडिभिजन वन कार्यालय र भाटीघारी सामुदायिक वनका पदाधिकारीहरूको संयुक्त गस्ती टोलीले धनुषाको मिथिला नगरपालिका -३, लालभितिबाट १० थान साल जातको गोलिया बरामद गरेको छ । वन क्षेत्रबाट अवैध रूपमा काठ ओसारपसार भइरहेको थाहा पाएपछि टोलीले काठ बरामद गरेको हो ।

वन संरक्षण अधिकारीले धनुषामा अवैध काठ तस्करी रोक्न थप कदम चाल्ने बताएका छन् । डिभिजनल प्रमुख सिंहले भन्नुभयो, "अवैध काठ ओसार-पसारमा संलग्न कुनै पनि व्यक्ति वा समूहलाई कानुनी कारबाही गरिनेछ । धनुषाका विभिन्न क्षेत्रमा वन अपराध नियन्त्रणका लागि सुरक्षा गस्तीलाई थप प्रभावकारी बनाउने योजना अघि सारिएको छ ।" वन क्षेत्रको संरक्षण र वन पैदावारको अनियमिततामा रोक लगाउन वन कर्मचारी र स्थानीय समुदायबिच सहकार्य आवश्यक भएको उहाँले बताउनुभयो ।

# 'केही व्यक्तिका कारण सहकारी बदनाम'

धनुषा, २१ माघ । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले सुशासन प्रवर्धनका लागि सहकारीले आफ्नो उद्देश्य अनुरूप काम गर्नुपर्ने बताएको छ । जनकपुरधाममा आइतबार आयोजना गरिएको सहकारी सुशासन प्रवर्धनसम्बन्धी मधेश प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा उहाँले सहकारी स्थापनाको उद्देश्य अनुसार काम गर्न कमजोरी भइरहेको बताएको हो । सहकारीले समाजमा सकारात्मक परिवर्तनका लागि उद्देश्य अनुसार काम गर्नुपर्नेमा उनको जोड थियो । सहकारीले साना वस्तुको उत्पादनपछि बजारीकरणको काममा प्रभावकारी भूमिका खेल्ने भएकाले त्यसतर्फ ध्यान दिन सहकारीकर्मीलाई आग्रह गरे । चुरिया क्षेत्रमा रहेका खाली जग्गामा औषधीजन्य जडीबुटीको प्रशोधन गरी बजारीकरण गर्न सके देशको अर्थतन्त्रमा ठुलो मद्दत पुग्ने भएकाले त्यसतर्फ लगानी आवश्यक रहेको बताए ।

सो क्रममा मुख्यमन्त्री सिंहले मधेश प्रदेशको भूभागमा रहेको खाली जग्गालाई व्यवस्थित गर्ने काममा प्रदेश सरकार अघि बढेको जानकारी दिए । खाली जग्गाको उपयोग हुनुपर्ने र त्यसमा सहकारीको भूमिका महत्वपूर्ण हुने उनको भनाइ थियो । राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका अध्यक्ष ओमदेवी मल्लले सहकारीले समाज रूपान्तरणका लागि विभिन्न क्षेत्रमा प्रभावकारी उपस्थिति जनाए पनि केही व्यक्तिका कारण सहकारी क्षेत्र बदनाम हुन पुगेको धारणा राखे । सहकारीले समाजका लागि गरेका कामकाजको विषयलाई प्रचारमा ल्याउनुपर्ने उनको भनाइ थियो । वर्तमान सरकारले ल्याएको सहकारीसम्बन्धी अध्यादेशमा कर्जा सूचना केन्द्रलगायत विषय समेटेकाले त्यसले सहकारीका कतिपय समस्या समाधानमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# सिरहाका मेयरको गुनासो : मेरै बुवाका हत्यारालाई कारबाही गर्न पार्टीले ध्यान दिएन

**विनय आजाद**

सिरहा, २१ माघ । सिरहा नगरपालिकाका मेयर नवीनकुमार यादवले आफ्ना सहिद बुवाको न्यायका लागि आफ्नै पार्टीले ध्यान नदिएको गुनासो गरेका छन् । नेकपा एमाले, सिरहाले आइतबार सदरमुकाममा आयोजना गरेको २१औं स्मृति सभामा उनले यस्तो गुनासो गरेका हुन् । आफ्नो पार्टी एमाले पटक-पटक सरकारमा गए पनि आफ्ना बुवा हेमनारायण यादवको हत्या घटनाका दोषीलाई कारबाही हुने भनेर सधैं आश्वासन मात्रै पाउने गरेको उनको गुनासो छ । अहिलेसम्म पनि न्याय नपाउँदा आफ्नो परिवार थप मर्माहत बनेको उनले बताए । 'बुवाको हत्यापछि विगतमा एमालेका नेताहरूले जे वाचा गर्नुभएको थियो, घटनाको २१ वर्ष भए पनि त्यो अहिलेसम्म पूरा भएन,' उनले भने, 'एक सहिद परिवारको हिसाबले यसप्रति म दुःख व्यक्त गर्न चाहन्छु, म निराश भएँ ।' प्रदेशदेखि केन्द्रसम्म एमालेकै सरकार भए पनि दोषीलाई किन कारबाही हुन सकेको छैन भनेर उनले एमालेका केन्द्रीय नेताहरूलाई प्रश्नसमेत गरेका थिए । मेयर यादवका पिता हेमनारायण यादवको २०६१ माघ १९ गते अपहरण गरी हत्या गरिएको थियो । उनी २०५६ सालमा सिरहाबाट सांसद निर्वाचित भएका थिए ।

## मधेस केन्द्रित ...

कुराकानी भयो,' उनले भने । सरकारले ल्याएको सामाजिक सञ्जाल सञ्चालन, प्रयोग र नियमनसम्बन्धी विधेयक समग्रमा राम्रो रहे पनि कतिपय प्रावधान सच्याउनुपर्ने बताए । मोर्चाले सोमबार नाउपा संसदीय दल कार्यालय सिंहदरबारमा मधेसी तथा थारू आन्दोलनबाट प्राप्त उपलब्धि र यसको रक्षाका लागि आगामी दिनमा के-कस्तो रणनीति बनाएर जाने विषयमा पनि छलफल गरेको थियो । मोर्चामा जसपा, जनमत, जसपा नेपाल, नाउपा, लोसपा, राष्ट्रिय मुक्ति पार्टी, जनता प्रगतिशील र तमलोपा छन् ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो । समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो । छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)